### १३.६ पाराक्वाट र डाईक्वाटको कार्य प्रकृति ( Mode of Action )

यो झारपातनाशक विषादी अति कडा विषालु रसायन हो । विशेष गरी छालाको भित्री तहमा नाक, मुख र आँखामा यसले धेरै खराब असर गर्दछ । आँखा पोल्ने, छाला चिलाउनुका साथै स्वास प्रस्वास प्रणालीमा असर गर्छ । पाराक्वाट र डाईक्वाट नामक झारपातनाशक विषादी जव रगतमा पुग्दछ यो सिधै फोक्सोमा जान्छ तसर्थ खाएमा वा पिएमा यो ज्यादै घातक हुन्छ । यो विषादी खाएमा या पिएमा निम्नलिखित लक्षणहरु देखिन्छन् । छाला चिलाउने, स्वास प्रस्वास नलिको माथिल्लो भागमा असर गरी रक्त संचार प्रणालीमा छिर्छ छालामा भएका स-साना प्वालवाट पसेर या खाँदा, मृगौला र फोक्सो काम नलाग्ने बनाई दिन्छ ।

**विषादीबाट मानव स्वास्थ्यमा असर :**

अल्पकालिन (तत्कालमा देखिने असर)







१. रिंगटा लाग्नु
२. पक्षपात आक्रमण/मुर्छा पर्नु
३. थाकेको महसुस हुनु
४. होस हराउनु
५. टाउको दुख्नु
६. वान्ता हुनु
७. स्वाँ स्वाँ हुनु
८. खोकी लाग्नु
९. छाती दुख्नु / गह्रौ हुनु
१०. माशंपेशी थाक्नु/कम्पन हुनु
११. वाक वाकी लाग्नु
१२. पेट वटारिनु
१३. दिशा पखाला लाग्नु
१४. छाला लाटो हुनु
१५. छाला फुट्नु/चिलाउनु/फोका आउनु
१६. छाला रातो हुनु/सेतो हुनु
१७. लडखडाएर हिड्नु
१८. अनिन्द्रा
१९. आँखी भौँ फरफराउनु
२०. आँखा रातो हुनु, पोल्नु, आँशु वहनु, धमिलो देख्नु
२१. नाक पोल्नु, पातलो सिगान वगिरहनु
२२. बढी न्याल चुहिनु दीर्घकालिन (पछि देखिने असर) :

- ■ क्यान्सर/ट्युमर
- ■ स्वाश प्रस्वाश सम्बन्धी रोगहरु
- ■ स्नायूजन्य र व्यावहारजन्य असरहरु शरिरीक विकासमा असर र जन्मजात अपाङ्गता (Birth Defects) प्रतिरोधी क्षमतामा असर
- ■ प्यारालाइसिस (पक्षघात)
- ■ बंशानुगत परिवर्तन (Mutation)
- ■ कलेजो खराबी ( Liver Damage )
- ■ प्रजनन् क्षमतामा कमि वा बाँझोपन/ नपुंशकता (Reproductive Disorder)
- ■ मानशिक असंतुलन (Nerve damage)
- ■ एलर्जी